म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ६४ शनिबार, १६ असोज २०७८ एकादशी ने. सं. ११४१ ञंलागा 2 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ९ जना थपिँदा ३७ जना कोरोनामुक्त

हेटौंडा/पछिल्लो २४ घण्टामा मकवानपुरमा थप ९ जना कोरोनाभाइरस (कोभिड-१९) संक्रमण पुष्टि हुँदा ३७ जना कोरोनामुक्त भएको छन् । ८३ जनाको पीसीआर र एन्टीजेन परीक्षण गर्दा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, ७८ जनाको पीसीआर र ५ जनाको एन्टीजेन परीक्षण गर्दा उनीहरुमा कोरोना पुष्टि भएको हो ।

शुक्रबार संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ३ जना, थाह ानगरपालिकाका ४, कैलाश र मनहरी गाउँपालिकाका एक/एक जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार २ सय ५१ जना पुगेको छ । तीमध्ये हालसम्म १४ हजार ८ सय ९५ जना कोरोना संक्रमणमुक्त भएका छन् । जिल्लामा पछिल्लो २४ घण्टामा थप ३७ जना संक्रमण मुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाका रहेका छन् । हेटौंडाकाका ३० जना संक्तमणमुक्त भएका हुन् । यसैगरी, मकवानपुरगढी, बागमती र राक्सिराङ गाउँपालिकाका एक/एक जना, मनहरी र कैलाश गाउँपालिकाका २/२ जना रहेका छन् ।

### जनताको दु:खमा जनप्रतिनिधिको चासो

# श्रीपुर खण्डमा पक्की सडक बन्ने निशिचत

साझाकुरा संवाददाता



हेटौंडा/मकवानपुरको पूर्वी क्षेत्रका बासिन्दाले बर्सेनि भोल्दै आएको दु:ख अब समाप्त हुने भएको छ ।

पूर्वी क्षेत्रमा निर्माणाधीन राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई-मधेस द्रुतमार्ग (फास्ट-ट्र्याक) परियोजनाका कारण मकवानपुरका पूर्वी क्षेत्रका बासिन्दाले बर्षेनी दु:ख भोग्दै आएका थिए ।

जिल्लाको पूर्वी क्षेत्रमा पर्ने निर्माणाधिन मदन भण्डारी राजमार्ग (धरान-चतरा) सडक आयोजनाले करिब ४० किलोमिटर सडक कालोपत्रे गरेपनि यस खण्डकै सबैभन्दा अप्ठ्यारो स्थान मानिने एक किलोमिटरभन्दा बढी सडक फास्ट-ट्र्याकका कारण नबन्दा स्थानीयले दु:ख भोल्दै आएका थिए ।

स्थानीयको दु:खको दीर्घकालीन समाधानका लागि जनप्रतिनिधिले चासो देखाएसँगै अब बकैया-५ स्थित श्रीपुरको उकालोमा पर्ने करिब १ हजार २ सय मिटर बाटो केहि महिनाभित्रै पक्की सडकमा परिणत हुने भएको हो । बकैया गाउँपालिका अध्यक्ष दामोदर खनालले सडक विभागका महानिर्देशक अर्जुनजंग थापा र योजना तथा अनुगमन महाशाखा प्रमुख शिवप्रसाद नेपाल समक्ष जनताले भगेको सास्ती हटाउन शुक्रबार ध्यानाकर्षण पत्र बुझाएका छन् ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्र बहादुर बानियाँ, नेपाली कांग्रेस मकवानपुरका नेता आनन्दराम पराजुली र नेपाली कांग्रेसका नगर सचिव तथा हेटौंडा उपमहानगर पालिका १ नम्बर वडा अध्यक्ष सबिन न्यौपोन सहितको टोलीले शुक्रबार ध्यानाकर्षण पत्र बुझाएको हो । ध्यानाकर्षण पत्र बुझ्दै विभागका महानिर्देशक थापासँग दसैं अघिनै पक्की सडक निर्माणका लागि डिजाइन तयार पारिने र दसैं-तिहार पछि टेण्डर आव्हान गरेर यो वर्षभित्र निर्माण सकिने सहमति भएको गाउँपालिका अध्यक्ष खनालले जानकारी दिए ।

विभागका महानिर्देशकको ध्यानाकर्षण गराउँदै नेता बानियाँले जनताको दु:ख समाधानका लागि र ाज्य स्तरबाट तत्काल प्रक्रिया अघि बढ्नुपर्ने बताए । '१ हजार २ सय मिटर सडकका कारण पूर्वी क्षेत्रका हजारौं जनताले बर्षेनीदेखि दु:ख भोल्नु गम्भीर विषय हो ।' उनले भने 'यसबारे तत्काल प्रक्रिया अघि बढाएर समस्या समाधानमा तीब्र अग्रसरता देखियोस् ।'

जनप्रतिनिधिले चासो देखाउँदा निर्माणको सहमतिसँगै यस वर्षभित्रै पूर्वी क्षेत्रका जनताले भोग्नु परेको दु:ख हट्ने निश्चित भएको हो । जीर्ण र फाष्ट ट्र्याक जोड्नका लागि ठूला पहाड भत्काउँदा जोखिमपूर्ण यात्रामा परिणत भएको सडक वर्षामा हिलाम्य र हिउँदमा धुलाम्मे हुने गरेको छ । सडककै दूरवस्थाका कारण यात्रु आउजाउमा मात्र होइन, स्थानीय उत्पादन बजार सम्म पुर्‍याउनसमेत कठिन हुने गरेको स्थानीयको गुनासो छ ।

यो खण्ड धरान-चतरा सडक आयोजनामा पर्ने भएपनि भौतिक पूर्वाधार मन्त्रालयले फास्ट-ट्र्याक परियोजना निर्माण स्थलबाट दायाँ-बायाँ ६/६ सय मिटर गरेर १२ सय मिटर सडक निर्माणको जिम्मेवारी नेपाली सेनालाई दिएको छ । जसका कारण धरान-चतरा आयोजनाले १ हजार २ सय मिटर बाटो कालोपत्र नगरेको हो ।

समस्याबारे स्थानीय तह, प्रदेश र संघीय सरकारसमेत जानकार रहे पनि समाधानका लागि कतैबाट पहल भएको थिएन । फास्ट-ट्र्याक सेनाले निर्माण गरिरहेको भएपनि जनताले पाइरहेको दु:ख ज्यूँकात्यूँ थियो । दैनिक सवारी आउजाउमा समस्या भइरहेको छ । यो समस्या समाधान नहुँदा थोरै दूरीको यात्राका लागि पनि धेरै समय लाग्ने गरेको छ ।

गाउँपालिका अध्यक्ष खनालले यसअघि पनि सेना, धर ान-चतरा आयोजना र स्थानीयबीच साझा सहमति गरेर अगाडि बढ्ने प्रयास गरेका थिए । 'यसअघि सेनासँगको छलफलमा निर्माणको क्रममा सडक भत्किने भएपछि निर्माण समस्या भएको उनीहरुले बताएका थिए ।' उनले भने ।

## बिनसाइरेन्ससहित एक पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले लागूऔषध विनसाइरेक्स सहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध विनसाइरेक्स १०० एमएल लेखिएको ४८ बोतलसहित हेटौंडाका एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-५ बस्ने २५ वर्षीय सोमबहादुर थोकर रहेका छन् ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुर बाट खटिएको प्रहरी टोलीले उनलाई उक्त परिणामको लागूऔषधसहित हेटौंडाको चिल्ड्रेन पार्कबाट पक्राउ गरेको हो । बिहिबार रातोमाटेबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना २४ प २२१० नम्वरको मोटर साईकल चेकजाँच गर्दा लुकाईछिपाई ल्याएको उक्त परिणामको लागूऔषध बरामद भएपछि प्रहरीले निजलाई पक्राउ गरेको हो । पक्राउ परेका उनीमाथि थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ ।




# कैलाश गाउँपालिका अध्यक्ष मोक्तानविरुद्ध विशेष अदालतमा मुद्दा

साझाकुरा संवाददाता




हेटौंडा/मकवानपुरको विकट क्षेत्रमा पर्ने कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तान विरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ ।

भ्रष्टाचार अभियोगमा अध्यक्ष मोक्तानसहित ६ जना विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक अनियमितता गरेको अभियोगमा विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

तालिम सञ्चालन गरी अनियमितता गरेको भन्दै अख्तियारले गाउँपालिका अध्यक्ष मुक्तानसहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको जनाएको छ । अध्यक्ष मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लोकबहादुर कुसारी, लेखापाल सुजन श्रेष्ठ, आन्तरिक लेखापरीक्षक त्रिलोक थापामगर र सामाजिक विकास अधिकृत मोहनप्रसाद पौडेलविरुद्ध मुद्दा दर्ता गरिएको हो ।

आर्थिक वर्ष ०७५/७६ मा युवा क्षमता विकास तथा आधारभूत पत्रकारिता तालिम सञ्चालन गरी उनीहरुले दुई लाख ६० हजार नौ सय रुपैयाँ अनियमितता गरेको अख्तियारका प्रवक्ता नारायण प्रसाद रिसालले जानकारी दिए ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

## सहकार्यमा आउन प्रचण्डको आग्रह

काठमडौं (रासस)/नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक अर्काले गरेको गल्ती तथा कमजोरीबाट सिकेको ज्ञान तथा अनुभवलाई साटासाट गरेर नयाँ आधारमा अगाडि बढ्न माओवादी घटकहरूलाई आग्रह गरेका छन् । आफूले तत्कालीन नेकपा(एमाले) सँग सकारात्मक मनसायका साथ एकता गरेको भए पनि त्यसले गतिलो परिणाम नदिएको भन्दै उनले त्यसबाट प्राप्त गरेको ज्ञानलाई समेत साटफेर गर्न तयार रहेको बताए ।

जनयुद्धको स्मरणमा लेखिएको गीतिसंग्रह 'सपनाको पाण्डुलिपी'को विमोचन गर्दै उहाँले विभिन्न घटकमा विभक्त भएका माओवादी पार्टी र जनयुद्धका सहकर्मीलाई ठण्डा दिमागले एक अर्काको ज्ञानलाई माझ्न र साझा सहकार्यका लागिसमेत आग्रह गरे ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# मानिसको भ्रुणमा जीन एडिटिङ हुन थालेपछि के होला ?

सन् २०१५ मा बेलायतको एकवर्षे बच्चा 'ल्युकेमिया' रोगबाट ग्रस्त थियो । यो रोग एक प्रकारको रक्तक्यान्सर हो । डाक्टरले बच्चाको उपचारमा सम्भव भएसम्मका उपाय लगाए । तर, रोग निको भएन । परिवारको अनुमतिमा डाक्टरले अन्तिम उपायको रूपमा जीन थेरापि प्रविधिबाट उपचार गर्न सुरु गरे । यो उपायले बच्चाको रोग निको भयो ।

जेनेटिक इन्जिनियरिङ मानव इतिहासको पछिल्लो समयमा विकसित हुँदै गरेको प्रविधि हो । यसलाई एक्काइसौँ शताब्दीको महान् वैज्ञानिक उपलब्धिमध्येको एकका रूपमा हेरिएको छ । यस प्रविधिले जीव तथा चिकित्सा विज्ञानको क्षेत्रमा क्रान्तिकारी फड्को ल्याउँदै छ । अबका दशकमा यस प्रविधिले मानिसको जीवन पद्धतिमै अत्यधिक प्रभाव पार्ने अनुमान गरिँदैछ ।

**जीन के हो ?**

जीवहरूको कोषको केन्द्रमा न्युक्लियस रहन्छ । न्युक्लियसभित्र क्रोमोजोम हुन्छन् । क्रोमोजोमको संख्या जीवअनुसार फरकफरक हुन्छ । मानिसको कोषमा आमाबाट प्राप्त २३ वटा र बाबुबाट प्राप्त २३ वटा गरी २३ जोडा क्रोमोजोम हुन्छन् । क्रोमोजोमभित्र डीएनए र जीनहरू हुन्छन् । क्रोमोजोमभित्रका वंशाणुगत गुण सार्ने स-साना एकाइहरू जीन हुन् । जीनको माध्यमबाट जीवको भौतिक बनावट मात्रै पुस्ता-पुस्तामा सर्दैन, बरु उसको स्वभाव, चरित्र, बुद्धि, सौन्दर्य र रोगहरूसमेत सर्दै जान्छ ।

जीन एडिटिङ प्रविधि जीन एडिटिङ गरेर जीवहरूको रोगको उपचार वा गुणहरू परिवर्तन गर्न सकिन्छ भन्ने विचार सन् १९५० को दशकमा पलाएको थियो, जति बेला 'डीएनए' पत्ता लाग्यो । तर, भरपर्दो प्रविधि पत्ता लागेको थिएन । जीन एडिटिङ जीवहरूको जीन काँटछाँट गर्ने आधुनिक प्रविधि हो । जसमा जेनेटिक पदार्थ जोड्ने, हटाउने वा परिवर्तन गर्ने काम गरिन्छ । यो प्रविधिलाई जेनेटिक इन्जिनियरिङ पनि भनिन्छ । सन् १९७० को दशकमा अमेरिकन जैव-रसायन शास्त्रीहरूले जेनेटिङ इन्जिनियरिङ प्रविधि प्रयोगमा ल्याए । वैज्ञानिकहरू यी रोगहरूको कारक लामखुट्टेजस्ता जीवको जीन एडिटिङ गर्दै जीवाणु बोक्न नसक्ने लामखुट्टेको विकास गरेर सिंगो समूह बनाउने अनुसन्धानमा काम गर्दैछन् । जीवाणुरहित लामखुट्टेको यो गुण पुस्तापुस्तामा सर्नेछ र लामखुट्टेले मानिसलाई रोग लगाउन नसक्ने वैज्ञानिकको विश्वास छ । पछिल्लो समयमा विकसित जीन एडिटिङ प्रविधि 'क्रिस्पर-क्यास ९' हो । यो प्रविधि सन् २०१२ मा अमेरिकन र फ्रेन्च वैज्ञानिकले विकास गरेपछि जीन एडिटिङको क्षेत्रको विकासमा कोसेढुंगा सावित भएको हो । यो प्रविधि विकासका लागि गत वर्ष रसायनशास्त्रमा नोबेल पुरस्कारसमेत दिइएको थियो ।

**विश्वव्यापी प्रयोग**

जेनेटिक इन्जिनियरिङ संसारभर बहुआयामिक रूपमा प्रयोगमा आइरहेको छ । यसको प्रयोग गरेर रोग प्रतिरोधात्मक क्षमता भएका र बढी उत्पादन दिन सक्ने गुण भएका बिउ बिरुवाहरूको उत्पादन भइरहेको छ । उन्नत जातको अन्नबाली उत्पादन र उन्नत जातको व्यावसायिक पशुहरूको विकासमा यो प्रविधि प्रयोगमा आएको छ । ब्याक्टेरियोफेज भाइरसको जीनमा परिवर्तन गरेर एन्टिबायोटिक्सलाई प्रतिरोध गर्ने ब्याक्टेरियालाई नष्ट पार्न सक्ने उपाय निस्केको छ । मानिसका लागि आवश्यक हर्मोन, एन्टिबडी र खोप निर्माणमा यो प्रविधि व्यापक रूपमा प्रयोग भइरहेको छ ।


एचआईभी लागेको कोषबाट भाइरस हटाउने तथा हेपाटाइटिस-बी को उपचारमाथि अनुसन्धान भइरहेका छन् । वैज्ञानिकहरूले मानिसको शुक्रकिट वा डिम्बको जीन एडिटिङ गरेर वंशाणुबाट आउने क्यान्सर, अपांगता वा असामान्य गुण बोकेका जीन हटाउन सक्ने अवस्थामा सफलता प्राप्त गरेका छन् । यति मात्रै होइन डेँगु, मलेरियाजस्ता वंशाणुबाट नसर्ने सरुवा रोगहरूका कारण बर्सेनि दशौँ लाख मानिसको मृत्यु हुने गर्छ । वैज्ञानिकहरू यी रोगहरूको कारक लामखुट्टेजस्ता जीवको जीन एडिटिङ गर्दै जीवाणु बोक्न नसक्ने लामखुट्टेको विकास गरेर सिंगो समूह बनाउने अनुसन्धानमा काम गर्दैछन् । जीवाणुरहित लामखुट्टेको यो गुण पुस्तापुस्तामा सर्नेछ र लामखुट्टेले मानिसलाई रोग लगाउन नसक्ने वैज्ञानिकको विश्वास छ । जीन एडिटिङ मानिसको भ्रुणमा प्रयोग गर्ने नगर्नेबारे बहस भइरहेका छन् । किनकि यसको प्रयोगले मानिसको प्राकृतिक स्वभाव, गुण, बौद्धिकता, सौन्दर्य सबै आमाबाबुले चाहेअनुरुप बनाउन सकिनेछ । मानिसको प्राकृतिक गुणमा फेरबदल आउनेछ । हालसम्म यो प्रविधि महँगो भएकाले यसको उपयोग धनी मानिसहरूले मात्रै गर्न सक्ने भन्ने समस्या पनि अर्कोतिर छ ।

सन् २०१८ मा एक चिनियाँ वैज्ञानिकले विश्वकै पहिलो जीन एडिटिङ गरिएका जुम्ल्याहा बच्चा विकास गरेको घोषणा गरे । ती दुई बच्चामा एचआईभी संक्रमण हुने जोखिमलाई हटाइएको दाबी गरिएको थियो । जीन एडिटिङ गरेर बच्चा जन्माउने प्रविधि विश्वासिलो र सुरक्षित भइसकेको छैन । त्यसैले यो अपरिपक्व र अनैतिक काम गरेको भन्दै विश्वका वैज्ञानिकहरूले आलोचना गरे । त्यसको एक वर्षपछि चीनमै जीन एडिटिङ गरेर निकालेका उस्तै पाँचवटा गरिएका बाँदरहरू सिर्जना गरिएको समाचार सार्वजनिक भयो ।

वैज्ञानिकहरू जीन एडिटिङबारे अनुसन्धानमा खरो रूपमा उत्रिरहेका छन् । हरेक दिनजसो अनुसन्धानका नयाँ निष्कर्ष आइरहेका छन् । अपरिपक्व तरिकाले मानिसको भ्रुणमा पनि जीन एडिटिङ गरेर यो प्रविधिको दुरुपयोग हुन सक्ने चिन्ताहरू पनि छन् । त्यसैले कैयौँ देशले बिरुवा र केही जनावरमा मात्रै यसको प्रयोगको अनुमति दिएका छन् ।

रोगबाट सुरक्षित हुन मात्रै होइन, उच्च बौद्धिकता र व्यक्तित्व भएको मानिसको बच्चा निर्माणमा शुक्रकिट र डिम्बमा जीन एडिटिङ गर्न सक्ने सुरक्षित र विश्वासिलो प्रविधिको विकासमा प्रयत्नशील छन्, जसले भविष्यमा कानुनी मान्यतासमेत पाउन सक्नेछ । एक्काइसौँ शताब्दीका वैज्ञानिक यसलाई सुरक्षित बनाउन लागिपर्ने संकेत देखिएको छ । यदि यसो भएमा मानव विकासको अर्को युग सुरु हुने आकलन गरिँदैछ । *- सभार: शिलापत्र*

# म यसकारण एक साथ कैयौं प्रेमी र पार्टनर चाहन्छु



जीवनको आफ्नो सुरुवाती वर्षहरुबाट नै मुवुंबी नेडजालामाथि एकै व्यक्तिले धेरै जनासँग विवाह गरेको विषयमा प्रश्न उठाइरहेका थिए । उनीहरु सधैं आफ्नो बाबुआमासँग सोध्ने गर्थिन् कि के तपाईंहरु बाँकी जिन्दगी पनि एकैसाथ जिउन सक्नुहुन्छ ?

मुवुंबीले भनिन् 'मलाई लाग्थ्यो कि हाम्रो जीवनका हरेक पलहरु मौसम जसरी बदलिइरहने गर्थ्यो । तर मेरो समाज बदलिएन । मेरो आसपासको दुनियाँले केवल एक जनासँग सम्बन्ध राख्ने कुरामा जोड दिइरहेका थिए । सिनेमा हल होस् या चर्चमा पनि यही कुरा सिकाइयो । तर मैले यसलाई राम्रोसँग सम्झिन सकिरहेको थिइनँ ।'

अहिले मुवुंबी ३३ वर्षकी भइसकेकी छन् । उनको पहिचान यस्तो महिलाको छ, जसको एकभन्दा धेरैजनासँग सम्बन्ध छ र उनीहरु कुनैपनि सम्बन्धलाई बन्धन मान्दैनन् । यति मात्रै होइन, उनी दक्षिण अफ्रिकामा यस्तो समुदायको हितको लागि आवाज पनि उठाउँदै आएकी छिन् । उनी बताउँछिन् 'अहिले मेरो एक मुख्य पार्टनर छन्, जसको साथ अहिले म जीवन गुजारा गरिरहेको छु । हाम्रो बच्चा पनि छ । मेरो अर्को पार्टनर पनि छन् । हामी सबै एक आपसमा पर्याप्त खुसी पनि छौं । मेरो मुख्य पार्टनर विवाह गर्न चाहँदैनन्, तर म भविष्यमा यस्तो विवाहको कल्पना गर्छु, जसमा एक साथ एकभन्दा धेरै जनासँग विवाह गर्न सकुँ । म जोकोहीसँग पनि आकर्षित हुन्छु, चाहे उनीहरु जुनसुकै लिंगका हुन् ।

**एक महिलाको एकभन्दा धेरै पति ?**

दक्षिण अफ्रिकाको संविधान संसारकै सबैभन्दा उदारवादी संविधान मानिन्छ । यहाँ समलैंङ्गिक विवाहका अलावा पुरुषलाई एकभन्दा धेरै पत्नी राख्ने अनुमति छ । देशमा अहिले विवाह सम्बन्धी कानुनलाई परिमार्जन गर्नुपर्ने माग बढिरहेको छ । यस्तो अवस्थामा महिलालाई पनि एकभन्दा धेरै पति राख्ने अनुमति मिल्न सक्छ । यसको माग पनि भइरहेको छ । यद्यपि देशको कन्जरभेटिभ समाज भने यसको विरोधमा उत्रिएको छ ।

चार जना पत्नी राख्ने व्यवसायी मुसा मस्लेकेउ भन्छन् 'यसबाट हाम्रो अफ्रिकी संस्कृतिमा धेरै नोक्सानी हुन्छ । यसरी बहुपति प्रथामा जाँदा उनीहरुबाट जन्मिएका बच्चाको के हुन्छ हालत ? उनीहरु आफ्नो परिचय कसरी बताउँछन् । महिलाहरुले पुरुषको ठाउँ लिन सक्दैनन् । के अब महिलाले पुरुषलाई लोबोला (दाइजो) दिन्छन् ? के पुरुष अब पत्नीको थर राखेर बस्छन् ? त्यस्तै, विपक्षी पार्टी क्रिश्चियन डेमोक्रेटिक पार्टीका नेता रेवरेन्ड केनेथ मेशोए भन्छन् 'यसले समाज नष्ट हुन्छ ।' मेशोए भन्छन् 'एक समय आउँछ जब एक पुरुष भन्छन् कि तिमी धेरै समय अर्को पुरुषसँग बिताउँछौ । मेरो साथमा कम समय बिताउँछौ । यसबाट दुई पुरुषबीच संघर्ष सुरु हुन्छ ।'

**मान्छेको आस्था डगमगाउँछ**

मुकुंबीले भने अनुसार बहुपत्नी सम्बन्धमा महिलाहरुको लागि यो एक महत्वपूर्ण क्षण हो । उनी भन्छिन् 'अहिलेको स्थिति तनावपूर्ण छ । धेरै मानिसको मान्यतालाई डगमगाउने कुरा भइरहेको छ । पुरुष अहिलेसम्म कैयौं पुस्तादेखि खुलेआम बहुविवाह गर्दै आएका छन् । तर महिलाहरुलाई यसको लागि लज्जा हुनुपर्छ भनिएको छ । महिलाहरुले यसको लागि धेरै कुरा मिलाउनुपर्छ । मुवंबी खुला तरिकाले पछिल्लो १० वर्षदेखि एकसाथ कैयौं सम्बन्धमा रहँदै आएकी छन् । यस्तो अवस्थामा उनलाई समुदायले अर्कै तरिकाले बोलाउने गरेको थियो ।

अहिलेको समयमा मुवंबीको दुई जना पतिहरु छन् - एक एंकर पार्टनर जसको साथ उनले सम्बन्ध जोडेकी थिइन् । उनीहरु एकै ठाउँमा बस्छन् पनि । जबकि मुवुंबीको दुई जनासँग सम्बन्ध छ । दुवैसँगको सम्बन्ध रोमान्टिक छ, तर दुवैसँग थोरै भेटघाट हुन्छ । मुवंबीलाई पहिलेपहिले आफ्नो परिवारसँग यस विषयमा कुरा गर्न संशय थियो । तर पाँच वर्ष पहिले उनको एंकर साथी मजू म्यामेकेला न्हलाबत्सीसँग उनको प्रेम बस्यो र सम्बन्ध गाढा हुँदै गयो । उनीहरुले आफ्नो सम्बन्धको बारेमा सबैलाई बताउने निर्णय गरे ।

उनी भन्छिन् 'एउटा त्यस्तो समय पनि थियो, जब हाम्री छोरी पाँच वर्षकी थिइन् र म यस क्षेत्रमा सक्रिय थिएँ । म बहुविवाहको लागि प्रचार गर्दै स्थानीय टेलिभिजनमा आएँ । म चाहन्न थिएँ कि उनले अर्को कुनै स्रोतबाट मेरो बारेमा थाहा नपाऊन् । मुवुंबीलाई उनीहरुबाट केही हदसम्म स्वीकृति मिल्यो । तर अघि लामो बाटो बाँकी थियो । मुवुंबी अहिले आफ्नो विवाह छिनेको बेलाको कुरा सम्झिन्छिन् । उनको एंकर साथीले उनको परिवारसँग दाइजो मागेका थिए । मुवुंबी भन्छिन् 'मेरो परिवारले सोधेका थिए कि यदि हाम्री छोरीको ठाउँमा अरु कसैले आएर दाइजो दिन्छन् भने त्यो स्वीकार गर्नुहुन्छ ? मैले उनीसँग भनैं यस्तो हुन सक्छ । मलाई आफ्नो सोच र सच्चाइको साथमा रहनु थियो । भलै उनलाई राम्रो लागोस् या नलागोस् ।'

**पितृसत्तामाथिको सवाल**

दक्षिण अफ्रिकाको लैङ्गिक अभियान्ता तथा महिलाहरु आफ्नो चाहनाको विकल्प छान्न सक्ने भन्दै बहुपति प्रथाको बारेमा वकालत गर्ने गरेका छन् । किनकि अहिलेको व्यवस्थामा केवल पुरुषहरुले एक साथ एकभन्दा धेरै पत्नी राख्न सक्छन् । उनीहरुको प्रस्तावलाई उक्त दस्तावेजमा समेटेका छन् । जसलाई १९९४ पछि पहिलो पटक विवाह सम्बन्धी कानुनमा बदलावको लागि सरकारले जारी गरेको थियो । ताकि मान्छे आफ्नो राय व्यक्त गर्न सकियोस् । दस्तावेजमा मुस्लिम हिन्दु, यहूदी र रस्ताफेरियन विवाहलाई कानुनी मान्यता दिनको लागि समेत प्रस्ताव छ । जुन अहिले अमान्य मान्ने गरिन्छ ।

**यो एक अलग लडाइँ हो**

मुवुंबी याद गर्दै भन्छिन् 'कैयौं पुरुषहरु दाबी गर्छन् कि उनी मसँग रहुन्ज्याल ठीक थिइन्, तर पछि ठीक भइनन् । जहाँसम्म मेरो सवाल छ, यस्तो होइन कि म धेरैभन्दा धेरै पत्नी राख्ने कोसिस गरिरहेको छैन । दक्षिण अफ्रिकामा बहुपति प्रथामा जोडिनको लागि उनले दुवै पतिसँग अनलाइन कम्युनिटीमा जोडिइन् । अहिले त्यहाँ चलिरहेको वहसलाई लिएर मुवुंबी दम्पती मिलेर ओपन लभ अफ्रिका नामबाट प्लेटफार्म बनाउँदै छन् । मुवंबीका अनुसार उनको कोसिस एक समयमा नैतिक रुपले एकभन्दा धेरै मान्छेसँग सम्बन्धको प्रचार गर्ने खालको हुन्छ । - अनलाईनखबर

# साहित्य

## लघुकथा
# बालविवाह



**प्रिन्स झा, कक्षा-६**

एकादेशमा एउटा गाउँ थियो । त्यहाँ गाउँमा चार जना साथीहरु बस्थे । राम, हरी, बलराम र मिना । तिनीहरु एउटै विद्यालयमा पढ्थे र एउटै कक्षामा पनि पढ्थे । तिनीहरु निकै मिल्ने साथीहरु थिए । यही कुरा मिनाको आमा र बुवालाई मन पर्दैन थियो । अनि उनीहरुले विचार गरे- 'मिना त केटाहरुसँग खेल्छे फेरि तिनीहरु जनासँग भागेर विहे गरी भने । मिनाको आमा र बुवाले सोचे अनि भनेकि अब मिनाको विवाह गरिदिनु पर्छ अनि भोलि पल्टनै मिनाको बुवा केटा खोज्न गए । बल्ल एउटा भेटियो उसको नाम कसुल थियो अनि कुशलको आमा र बुवा माने विवाह गर्ने भनेर । अनि उसको विवाह हुन २ दिन बाँकी थियो । अनि मिनालाई उसको बुवाले भन्नुभयो मिना तिम्रो दुई दिनपछि विवाह भनेर । मिना छक्क परी र भनि- बुवा म ११ वर्षको छु म अहिले विवाह गर्दिन ।' मिनाको बुवा रिसाएर उनले भने 'चुप लागेर विहे गर, नत्र राम्रो हुँदैन ।'

मिनाको आफ्नो बुवाको अगाडि केही पनि चलेन अनि रुदै आफ्नो साथीहरुलाई भनी- 'मेरो दुई दिनपछि विवाह छ ।' अनि सबैजना छक्क परे र भने- 'ल अचम्म लाग्यो तिम्रो विहे भनेर अनि मिनाले भनी-'यो कुरा साचो हो । मलाई मद्दत गर अनि साथीहरुले भने- 'ल ल, मद्दत गरौंला तर जाम गाउँलेहरुसँग मद्दत मागौँ । साथीहरुले गाउलेहरुलाई सबै चिज भने अनि मिनाको विहे आजै थियो । रामले भन्यो- 'आज नै मिनाको विहे हो । हामीलाई प्रहरीलाई नै गएर भन्ने सबैजना प्रहरीलाई भन्न गए अनि रातीको समय थियो अनि मिनाको विहे भइरहेको थियो अनि प्रहरीहरु कुरी रहेको थिए । कुन भेला गएर मिनाको आमा र बुवालाई समाते । त्यो बेला आयो अनि प्रहरीले तिनीहरुलाई गिरफ्तार गरे अनि जेल लिएर गए अनि बल्ल तिनीहरुले थाहा पाएकी बाल विवाह कानुनी अपराध हो ।

## लघुकथा
# परिमाण



**मित्र "उराठी" गौतम**

आमाको मृत्यु हुँदा भाइ सञ्जय सानै थियो । भाइको रेखदेख गर्न माइतीमा बुवा एक्लै भएकोले गरिमा माइतीमा बस्ने निर्णय गरिन् । उनले शिक्षण गर्ने विद्यालय पनि माइतीनजिकै थियो । सगोल घरमै बसिरहेका उनका श्रीमान्ले पनि गरिमालाई माइतीमै बसेर शिक्षण पेशा गर्न अनुमति दिए । गरिमाको मायाँ, ममता, हेरचाहले सञ्जयले मातृवियोगको पीडा बिर्सँदै गयो ।

पत्नीको मृत्युपश्चात् बुवाले घर व्यवहारमा पनि ढिल छाड्दै गए । सोहीकारण घर व्यवहारको जिम्मेवारी पनि गरिमाले नै उठाउनुपरेको थियो । जसोतसो विद्यालय शिक्षा पूरा गरेको सञ्जयले उच्च शिक्षामा रुचि देखाएन । अध्ययन छोडेर व्यापार गर्ने विचार गऱ्यो । व्यापार गर्ने कुरामा बुवाको पनि सहमति रह्यो । गरिमाले पनि विरोध जनाइनन् । व्यापारमा एक्लै भएपछि पारिवारिक सल्लाहमै सञ्जयको विवाह भयो । दिदीको नेतृत्वमा घरव्यवहार चलिरहेको थियो । व्यापार पनि र म्रै भइरहेको थियो । समयक्रममा गरिमाको बच्चा जन्मियो । माइतीनजिकै विद्यालय र श्रीमान्को राम्रो सहयोगले गर्दा उनलाई खासै समस्या भएन । सबै कुरा सहज रूपमा चल्दै थियो । एक रात सञ्जय र उसकी पत्नीबिच कोठामा झगडा भएको चाल पाइन् गरिमाले । अर्को बिहान सञ्जय पसल गएपछि बुहारीलाई झगडाको कारण सोधिन् ।

'आजकल अल्कोहल पिएर आउनुहुन्छ र सानो सानो कुरामा निहुँ खोजी झगडा गर्नुहुन्छ', बुहारीले जवाफ दिइन् गरिमाले भाइलाई सम्झाउने प्रयास गरिन् । दिदीको कुरा एक कानले सुन्यो अर्को कानले उडाइदियो । उसले घरमा कसैलाई टेर्न छाडिसकेको थियो । विभिन्न बहानामा घरमा झगडा निकालिरहन्थ्यो । एकदिन त सञ्जयले पत्नीमाथि हातपात नै गऱ्यो । तथानाम बोल्न थाल्यो । छुट्याउने क्रममा सञ्जयलाई एक चड्कन लगाउँदै भनिन्, 'आमाको मृत्यु पछि तँलाई हुर्काउन पढाउन घर छोडेर माइती बसेँ । लथालिङ्ग हुन आँटेको घरव्यवहार सम्हालिदिएँ । अलि अलि खुट्टा टेक्ने भइस् अब फुर्ती देखाउँछस् ? घरमा सधैं रडाको मच्चाउँछस् ?'

'मेरा लागि घर छाडेकी हौ र ? आफ्नो जागिरको सजिलाका लागि यहाँ बसेकी हौ । आफ्नो घरमा मिलेर बस्न नसक्ने । अर्काको घर पनि मिल्न नदिने । पर्दैन मेरो घरमा बस्न, आफ्नै घर जाऊ ।' सञ्जयले जबाफ फर्कायो । भाइबाट यस्तो अनपेक्षित जबाफ सुन्दा गरिमालाई चट्याङ लागेजस्तै भयो । 'मैले यत्रो त्याग गरेर सम्हालेको यो उसको मात्र घर ? म चाहिँ पराई ?' सोचेर मूर्ति बनिन् गरिमा, कुनै शब्द निस्केन मुखबाट । *- साहित्यपोष्ट*

# हामी कति भाग्यमानी !

**हिकमत सिंह ऐर**

आहा! हामी कति भाग्यमानी,
अरूकै भरमा चल्छ यो जिन्दगानी ।
काम होस् या माम,
अर्को कै भर पर्नुरहेछ ।
आफ्नो त के छ र,
सुन्दर, शान्त विशाल देश महान!
विश्वले जे जति प्रगति गरे नि के भो ?
हामी त्यसको उपभोग गर्ने नै छौं ।

उत्पादन विश्वमा जहाँ भए नि,
आयात गरिनै रहनेछौं ।
आफ्नो श्रम र शक्ति विदेशमा बगाई,
दुई पैसा घर भित्र्याउन सिकेकै छौ ।

मिठो मसिनो खाने कुरा,
लत्ताकपडा, मोटरगाडी,
जे खोजे नि विदेशबाट आईहाल्छ ।
केको कमी छ हाम्रो खानपानमा,
खर्च गर्नु नै पऱ्यो आफ्नो शानमा ।
हामी यसका गौरवशाली जनता,
आफूले केही गर्न नसके के भो,
अर्काको सामान किनी दिए त भो !
स्वदेशमा उत्पादन खासै नगरि,
एसियाली मापदण्ड पुगेकोमा छ गर्व
भयौं है, समृद्ध र सुखी नेपाली ।
नारा हाम्रा, जहिले नि चर्का,
विदेशी सामान नै किन्न पल्केका ।
एक दशकमा चार गुणा व्यापार घाटा
पुऱ्याएका ।
आत्मनिर्भर कहिले हुने,
हामीले किन सोच्ने ?
अरूले सोची, गरिदिए पुग्ने ।
हामीलाई के पुगेको छैन र,
यस्ता पनि कुरा गर्ने ?

भोलि कसले देखेको छ र,
आजसम्म हामी नै भाग्यमानी,
उत्तर, दक्षिण मागे पुगिहाल्छ,
माग्दा माग्दै यो उमेर गईहाल्छ ।

सोचम् है साथी! समय जान के लाग्छ र ?
प्रजातन्त्र आएको सत्तरी वर्ष,
गणतन्त्र आएको पनि भएछ सोर्ह वर्ष ।
आहा! साँच्चैमा हामी भाग्यमानी,
यस्तै छ हाम्रो जिन्दगानी।

# कोरोना भाइरस



**प्रमिन्द्रकुमार नुनिया**

कक्षा ११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

कोरोनाको डर जगमा बास हाम्रो घरमा
हुन्छौं बिरामी भनेर बास छ हाम्रो घरमा
संसारको सबै मानिसमा संक्रमण बढेमा
ध्यान गरे मानिस आफ्नो ज्यान बचाउन

लियो ज्यान करोडौं मानिसको
सुरु भो चीनको बुहान सहरबाट
छायो कोरोनाको संक्रमण पुरै संसारमा
यो रोगको औषधी छैन मानव छन् कहरमा

लाखौं आमा, बाबाले मनाए शोक
आफ्नो छोरा छोरी र नातिनाको
लाखौं छोरा छोरी गुमाए
आफ्नो आमा बुबाको साथ

# यस्तै हो सानी

## दोहोरी गीत



**- पम्फा थापा मगर**

जवानीमा यस्तै हो सानी
पर जान्छेउ छेउमै आउ भन्दानी ।
ए मेरो हिरा
आउ है कान्छी ठुलोदमार
गाउँतिर ।।


भित्रभित्रै थाले मन पराउन
आफ्नै मान्छे पर्दैन डराउन
ए मेरो हिरा
आउ है कान्छी ठुलोदमार
गाउँतिर ।।

तिम्रो बाउलाई लेउ छोरी भन्दिन्छु
माथि जान खुड्किला खन्दिन्छु ।
ए मेरो हिरा
आउ है कान्छी ठुलोदमार
गाउँतिर ।।

अब तिम्रो भर्दिन्छु सिर
भऱ्याङ हाल्दै पुऱ्याउँछु मास्तिर ।
ए मेरो हिरा
आउ है कान्छी ठुलोदमार
गाउँतिर ।।

एउटै भयो दुबैको ज्यु र ज्यान
हाम्रो जोडी नछुटोस भगवान् ।
ए मेरो हिरा
आउ है कान्छी ठुलोदमार
गाउँतिर ।।

# बद्लिएको मान्छे



**सन्दिप दवाडी**

आज ऊ फेरिएको छ
उसको बोलीचाली
उसको स्वभाव
उसको हाँसो,
फेरिएको उसलाई
आज बेग्लै देखिएको छ!

ऊ लेखाजोखा राख्दैन
उसको सपना साकार हुँदै गर्दा
कतिले आफ्ना सपनाहरुको
जिउँदै दाहसंस्कार गरे भनेर!
स्वार्थले घेरिएको जालोभित्र पसेपछि
सबै-सबै विस्मृत हुँदै जाने रहेछन्!
छल, कपट, धोका
क्रमश: प्रिय बन्दै जाने रहेछन्!

मैले उसलाई संघर्षको
अर्कै कुइनेटोमा भेटेको थिएँ
त्यो बेलाको उसको अनुहारमा
क्रान्तिको अदभूत चमक थियो
समाज बदल्नुपर्छ भन्दै
सपनाको लामो लस्कर बोकेर
शोषण विरुद्ध आन्दोलनको
नेतृत्व गरेको उसले
आज आफैले गरेका
घोषणापत्रहरु कुल्चिएर
स्वार्थको तलाउमा डुबुल्की मारेको देखियो!

जब हुँदैन
उसले सोचेजस्तै
उसले खोजेजस्तै
तब हिँड्नेरहेछ मान्छे
खुसीका गोरेटाहरु किल्चिएर
इन्द्रेणीका रंगहरु बिर्सिएर ।

सन्तान भेटिने आशमा
पर्खाइले थकित आँखाहरु
गरिबीले पिल्सिएर निभेका
खुसीका दियोहरु
आजकल,
उसलाई सामान्य लाग्न थालेको छ!
प्रेम, दया, करुणा
क्रमश: स्खलित हुँदै गएपछि
मान्छे नितान्त बेग्लै देखिने रहेछ!

बद्लिएको उसलाई
मेरो तर्फबाट क्रान्तिको
एक युग शुभकामना!

# प्रतियोगिता नहुँदा खेलाडी निराश



चितवन (रासस)/ जिल्लामा हुने विभिन्न खेलकुद प्रतियोगिता कोरोनाका कारण हुन नसक्दा खेलाडी निराश बनेका छन् । कोरोना कहरका कारण विगत दुई वर्षदेखि जिल्ला, प्रदेश तथा केन्द्रीय प्रतियोगिता हुनसकेका छैनन् ।

तेक्वान्दो खेलाडी शिशिर श्रेष्ठ कोरोनाका कारण शारीरिक उपस्थिति भई खेल खेल्न नपाउँदा निराशा बढेको बताउँछन् । उनले भने, "भर्चुअल माध्यमबाट हुने प्रतियोगिताले खासै जाँगर नआउँदो रहेछ ।" शारीरिकरूपमा उपस्थित भएर प्रशिक्षकको ऊर्जाका साथ खेल्दा खेलको आनन्द अर्कै हुने जनाउँदै उनले सामूहिकरूपमा खेल हुन नसक्दा खेलाडी निराश भएको बताए । सामूहिकरूपमा खेल भए नयाँ-नयाँ विधिको ज्ञान आफूहरूलाई हुने उनको भनाइ छ । प्रशिक्षकले दिने हौसलालाई अरुले दिन नसक्ने उनले बताए ।

जिल्ला खेलकुद विकास समितिका अनुसार विगत दुई वर्ष जिल्लामा खेलकुद शून्यप्राय: छ । गत वैशाखमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता भएको भए पनि त्यसबाहेकका ठूला-साना प्रतियोगिता हुनसकेका छैनन् । कार्यालयका सचिव रामजी ढकालले कोरोना कहर घटेसँगै खेलकुद क्षेत्रमा केही आशा पलाउन थालेको बताए । उनले भने, "कोरोना कहरका कारण खेलाडीमा खेलप्रतिको रुचि कम भएको हुनसक्छ, तर अब आशा पलाएको छ ।" जिल्लामा हुने ठूला प्रतियोगिताका प्रायोजक व्यावसायिक नहुँदा खेलकुदप्रति त्यति आकर्षित बन्न नसकेको उनको भनाइ छ ।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रल्लाद प्रधान सरकारका कारण खेल क्षेत्र निराश भएको बताउँछन् । कोरोनाको मारमा परेको खेलकुद क्षेत्रलाई सरकारले पर्याप्त बजेटसमेत नदिँदा ठूलो समस्या परेको उनको भनाइ थियो । कोरोनाका कारण खेलकुदको क्यालेण्डरअनुसार कार्यक्रम गर्न नपाउँदा खेलप्रेमीमा नैराश्यता छाएको उनको भनाइ छ । उनले भने, "खेल क्षेत्रबाट आफूलाई चिनाउने अवसर खेलाडीले गुमाएका छन् ।"

कोरोना कहर अगाडि यहाँ राष्ट्रियस्तरका प्रतियोगिता हुने गर्दा खेल पर्यटकसमेत बढ्न लागेको उनको बुझाइ छ । अहिले प्रतियोगिता हुन नसक्दा यहाँका पालिकाले लिएको एक वडा एक खेल मैदान नीतिसमेत कार्यान्वयनमा आउन नसकेको प्रधानले जानकारी दिए ।

कोरोना संक्रमण बढ्नुअघि जिल्लामा हुने विभिन्न प्रतियोगिताले खेलाडीको मनोवल उच्च बनाउनाका साथै खेल क्षेत्रको विकास भएको भए पनि अहिले त्यस्तो हुन नसकेको हो । प्रदेश खेलकुद परिषद् सदस्यसचिव सूर्यलाल भण्डारी कोरोनाका कारण खेलकुद क्षेत्र तहसनहस बनेको बताउँछन् । खेलाडीबिना प्रशिक्षण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुनुपरेको जनाउँदै उनले कोरोना संक्रमण घट्दै गएकाले अब प्रतियोगिता सुरु गरिने बताए । उनले भने, "हाम्रा खेलाडीबिना तयारी परीक्षामा सहभागी हुनुपरेको छ ।" कात्तिकदेखि प्रदेशस्तरीय प्रतियोगिता र प्रशिक्षण सुरु भएपछि खेल क्षेत्रमा केही उत्साह थपिने उनको भनाइ छ ।

संघ र प्रदेश सरकार बीच खेलकुद परिषद्सम्बन्धी विवाद कायमै रहेका कारण सोचेजस्तो काम हुन नसकेको उनले बताए । उनले भने, "सरकारले कानुन निर्माणका काम गरिरहेकाले जिल्ला तहमा खेलकुद हुनसकेको छैन ।" जिल्लामा स्थानीयदेखि राष्ट्रियस्तरका प्रतियोगिता हुने गरेकामा अहिले सामान्य प्रशिक्षण मात्रै भइरहेको छ । खेल क्षेत्रको विकास र उत्थानका लागि प्रतियोगिता हुन जरुरी देखिन्छ ।

# 'शिक्षा क्षेत्रमा लगानी बढाऔँ'

भक्तपुर (रासस)/ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले शिक्षा क्षेत्रमा लगानी बढाउन सरकारसँग आग्रह गरेका छन् । ख्वप इन्जिनियरिङ कलेजद्वारा आयोजित 'एम.ई.इन अर्थक्वेक र एम.एस.सी.इन अर्बान डिजाइन र कन्जर्भेसन' विषय अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले शिक्षामा गरिएको लगानी खेर नजाने बताए ।

उनले भने, "शिक्षा क्षेत्रमा गरेको लगानी कहिल्यै पनि खेर जाँदैन, त्यसैले सरकारले शिक्षामा लगानी वृद्धि गर्नु आवश्यक छ, स्थानीय तहहरुले कलेज तथा विश्वविद्यालय सञ्चालन गरेमा जनताले सस्तो र गुणस्तरीय शिक्षा पाउन सक्छन् ।"

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सो कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् नगरप्रमुख सुनिल प्रजापतिले स्थानीय तहले सञ्चालन गरेको ख्वपअन्तर्गतका कलेजबाट देशभरिका विद्यार्थीले उच्च शिक्षा हासिल गर्ने अवसर पाएको चर्चा गर्दै इन्जिनियरिङ पढ्ने विद्यार्थीहरुमा इमानदारिताको खाँचो औँल्याए । उपप्रमुख रजनी जोशीले पुर्खाले सिर्जेको सम्पत्ति संरक्षण र संवर्द्धनमा विद्यार्थी लाग्नुपर्नेमा जोड दिए ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले पहिलोपटक स्नातकोत्तर तहमा भूकम्प र ग्रामीण विकासको विषयको अध्यापन ख्वप इन्जिनियरिङ कलेजबाट सुरु भएको जनाउँदै सम्पदा संरक्षण तथा सभ्य सहर निर्माण महत्वपूर्ण रहेको बताए ।

# डोकोमा पानी बोक्ने दुःख अन्त्य



दमौली (रासस)/ तनहुँको व्यास नगरपालिका-५ चुँदर निवासी अनिता थापा बिहान ४ बजे उठेर पँधेरो जान्थे । पानीको जोहो गर्न सबेरै जानुपर्ने उनको दैनिकी नै बनिसकेको थियो । एक घण्टा पैदल हिँडेर डोकोमा पानी बोक्न थालेको वर्षौं भैसकेको थियो ।

सोही ठाउँ निवासी सीतामाया थापा पनि पानीको जोहो गर्न पँधेरोमै पुगिन्थ्यो । बिहानै नपुगे खानेपानी पनि पाईंदैन थियो । "बिहान उठेपछिको पहिलो काम भनेकै पानीको जोहो गर्नु हो", उनले भने, "एक घण्टासम्म डोकोमा बोकेर पानी ल्याउनुपर्थ्यो ।"

दुवै जनालाई अब पानीको जोहो गर्न डोको बोकेर पँधेरासम्म पुग्न परेन । रोटरी क्लब अफ दमौलीले दाताको सहयोगमा गाउँमै खानेपानी आयोजना निर्माण गरिदिएपछि स्थानीयवासीका पानीको दुःख हटेको छ । सदरमुकाम दमौलीबाट करिब १२ किमि दूरीमा छ चुँदर गाउँ । सदरमुकाम नजिकै भए पनि यहाँ वर्षौंसम्म खानेपानीको चरम अभाव रह्यो । "खानेपानीको अभावले कति दुःख भयो भन्ने कुरा शब्दमा बयान गर्न सकिँदैन", सीतामायाले भने, "आज घरमै धारा आउँदा खुसीको सीमा नै छैन । पानी नभएपछि यहाँका थुप्रै बासिन्दा तल बेँसी झरे, हाम्रो त जाने ठाउँ पनि कतै छैन, दुःखसुख अहिलेसम्म यही बस्यौँ ।"

५० वर्ष पहिला १५० घरधुरी रहेकामा खानेपानीको दुःखकै कारण अधिकांश गाउँले बेँसी झरेको स्थानीयवासी अमर थापाले जानकारी दिए । खानेपानी योजना माग्दै विभिन्न तहका सरकारको ढोका गुहारेपनि सुनुवाइ नभएपछि रोटरी क्लबले खानेपानी बनाइदिने भन्ने खबरले स्थानीयवासी खुसी भए । "खानेपानी योजना सम्पन्न भएर घरदैलोमा नै पानी आएको देख्दा खुसीले गद्गद् छौँ, वर्षौंदेखिको पानीको दुःखले स्थानीयवासीले भोग्नुपरेको दुःख अब हट्यो", सीतामायाले भने ।

अमेरिकास्थित रोटरी क्लब अफ होनोलुलु सनसेट र व्यास नगरपालिकाको संयुक्त लगानीमा खानेपानी योजना निर्माण गरिएको हो । वर्षौंदेखि खोल्सा र पँधेराको पानी उपयोग गर्दै आएका यहाँका वासिन्दाका घरघरमा खानेपानी पुऱ्याउने उद्देश्यसहित विसं २०७७ पुस २१ गते खानेपानी आयोजना निर्माण सुरु भएको थियो ।

एक करोड १६ लाख ४० हजारको लगानीमा खानेपानी योजना निर्माण गरिएको दमौली रोटरीका पूर्व अध्यक्ष दामोदर भण्डारीले जानकारी दिए । यसबाट ६८ घर धुरी लाभान्वित भएका छन् ।

खानेपानीका लागि अमेरिकास्थित रोटरीले ८४ लाख ८१ हजार ६६७, दमौली रोटरीले तीन लाख ४२ हजार सहयोग गरेकामा नपुग रकम नगरपालिकाले बेहोरेको दमौली रोटरीका अध्यक्ष दिनेशकुमार श्रेष्ठले जानकारी दिए । दुई सय ५४ मिटरको दूरीमा रहेको मुहानबाट पानी ल्याई ट्यांकीमार्फत घरघरमा पानी वितरण गरिएको छ । एक घण्टामा दश हजार लिटर पानी तानिनेछ । उक्त ठाउँमा दैनिक एक लाख आठ हजार ६२९ लिटर पानी आवश्यक पर्ने अध्ययनबाट देखिएको छ । यो योजनामा ३० मिटरको ट्रान्समिसन लाइन र ५८० मिटर वितरण लाइन निर्माण गरिएको छ ।

खानेपानी योजना शुभारम्भ गर्दै रोटरी क्लब अफ नेपाल- भुटान ३२९२ का पूर्व गर्भनर राजीव पोखरेलले नेपालको शिक्षा, स्वास्थ्य र खानेपानीका क्षेत्रमा रोटरीले सहयोग गर्दै आएको बताए । यो योजना दिगो बनाउने काम स्थानीयवासीको भएको उनको भनाइ थियो ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेले खानेपानीको चरम अभाव भएको गाउँमा रोटरीले खानेपानी योजना निर्माण गरिदिएर सकारात्मक काम गरेको बताए । "रोटरीले नगरेको भए यो काम नगरपालिकाले गर्नुपर्थ्यो, नगरपालिकाको अभियानमा रोटरीले साथ दियो", उनले भने । वडाध्यक्ष मोहनकुमार श्रेष्ठले खानेपानीको अभावमा गाउँ छाडेर गएकालाई अब गाउँ फिर्ता ल्याउन पहल गर्नुपर्नेमा जोड दिए ।

# 'सुशासन तथा भ्रष्ट्राचार निवारण अध्ययन' मा स्नातकोत्तर



काठमाडौं (रासस)/ त्रिभुवन विश्वविद्यालयले 'सुशासन तथा भ्रष्टाचार निवारण अध्ययन' विषयमा स्नातकोत्तर तह सञ्चालनमा ल्याएको छ । मानविकी तथा सामाजिक विज्ञान संकायअन्तर्गत उक्त विषयमा भ्रष्टाचारको सिद्धान्त, राजनीति र भ्रष्टाचार, सुशासनका चुनौती, तथ्याङ्क विधि, विकास र भ्रष्ट्राचार, भ्रष्ट्राचारविहीन कानुन र संयन्त्र, नैतिकता र भ्रष्ट्राचार, भ्रष्ट्राचारको सामाजिक तथा सांस्कृतिक पक्षलगायत पठनपाठन हुनेछ । दुई वर्षको समयअवधि तथा चार सेमिष्टर रहने उक्त अध्ययनमा अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक कूटनीतिसमेत पाठ्यक्रममा छ ।

शुक्रबार आयोजित कार्यक्रममा डिन प्राडा कुसुम शाक्यले मुलुकको विकास तथा समृद्धिमा भ्रष्ट्राचार बाधक तत्वका रुपमा रहेको बताउँदै यसको न्यूनीकरणका लागि यो क्षेत्रको अति आवश्यक रहेको बताए । सहायक डिन प्रा ताराप्रसाद अर्यालले यसको अध्ययनबाट भ्रष्ट्राचर निवारणका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुने विश्वास व्यक्त गरे ।

कार्यक्रम संयोजक डा. योगेश रञ्जितले सुशासन अभिवृद्धि गरी आर्थिक पारदर्शी कायम गर्न सकिने त्यसले भ्रष्ट्राचर अन्त्य गर्ने विश्वास व्यक्त गरे । साहित्यकार एवं अभियन्ता भरत जङ्गमले यस किसिमको अध्ययन शुरुआत भएकामा खुसी व्यक्त गर्दै आफू विगत पाँच दशकदेखि भ्रष्ट्राचर निवारणका क्षेत्रमा क्रियाशील रहेको बताए ।

एन्टी क्रप्सन ऐकेडेमीका अध्यक्ष अनुप जङ्गमले आफ्नो संस्थाले प्रत्येक सेमिष्टरमा पहिलो हुने विद्यार्थीलाई ३६ हजार, दोस्रो र तेस्रोलाई १८/१८ हजार छात्रवृत्ति प्रदान गर्ने जानकारी गराए ।

# साहाराविहीन बन्दै वृद्धा



चितवन (रासस)/ छोराछोरी विदेश पलायन हुँदा वृद्धा साहाराविहीन बन्दै गएका छन् । शिक्षित र सम्पन्न परिवारका छोराछोरी अध्ययन र रोजगारीका लागि युरोप अमेरिका जस्ता विकसित देश पुगेर उतै पलायन हुँदा उनीहरु साहाराविहीन बन्दै गएका हुन् ।

पर्याप्त सम्पत्ति भएर पनि आफैँले जन्माएर हुर्काएका सन्तान आफूसँगै नहुँदा शरीर गल्दै गएपछि आत्मसन्तुष्टि हुन नसकेको पाइएको छ । विदेशमा रहेका सन्तानले यहाँका अस्पतालका चिकित्सकलाई सोझै टेलिफोन गरेर उपचारको साहारासमेत लिने गरेका छन् । वृद्धा बिरामी हुँदा साथमा सन्तान नहुँदा मनोवैज्ञानिक प्रभावसमेत पर्ने गरेको छ ।

फिजिसियन डा. भोजराज अधिकारी कोभिडको संक्रमण उच्च बिन्दुमा पुग्दै गर्दा मृत्यु भएका वृद्धालाई सन्तान नआउने समयसम्मका लागि राख्ने ठाउँको अभाव भएको स्मरण गर्नुहुन्छ । उनले भने, "शरीर तन्दुरुस्त हुँदै गर्दा खासै खोजी नभए पनि स्वास्थ्य जटिल बन्दै गएपछि सन्तानको अभावमा थप जटिलता देखिँदो रहेछ ।" आफ्नो सम्पत्तिसँगैका आर्थिक व्यवहार सन्तानलाई हस्तान्तरण गर्न नसकेको पीडामा वृद्धवृद्धा झन् बढी चिन्तित हुने गरेको डा. अधिकारी बताउँछन् ।

सन्तानले उपचारका लागि पर्याप्त रकम पठाए पनि सन्तुष्टि नमिलेकै कारण वृद्धाको स्वास्थ्य झन् जटिल बन्ने गरेको उनको अनुभव छ । बिरामी पर्दा नजिकको नातेदार पाउनसमेत कठिन हुने गरेको चिकित्सक बताउँछन् ।

मनोचिकित्सक डा. गिरिराज भन्तना आफैँले जन्माएर, हुर्काएर, पढाएर कमाउने समयमा आफूबाट टाढा भएपछि मनमा विभिन्न कुरा खेलाएर आउने वृद्धा धेरै भएको बताउँछन् । उनले भने, "छोराछोरी विदेशमा भएर पनि दुःख गरिरहेको देख्दा यहाँ बस्ने आमाबुबालाई थप पीडा हुँदो रहेछ ।" विदेशमा पनि कडा परिश्रम गरेर काम गरिरहेका सन्तानप्रति बाबुआमाको धेरै चिन्ता हुने गरेको पाइएको भन्तना बताउँछन् । उनले भने, "छोराछोरी विदेश हुने वृद्धवृद्धा मन विचलित भएर उपचारका लागि आउने गर्दछन् ।"

विदेशमा भएका र स्वदेशमै रहेर पनि बुढेसकालमा नहेरेर धेरै वृद्धाश्रमसम्म पुग्ने गरेका पाइन्छन् । यहाँको पवित्र तीर्थस्थल देवघाटमा सरकारीसँगै सामाजिक संघसंस्थाले वृद्धाश्रम सञ्चालन गरेका छन् । रोटरी क्लब अफ चितवनले रोटरी करुणालय सञ्चालन गर्दै आएको छ ।

क्लबका पूर्वअध्यक्ष भोजराज कौडाल छोराछोरीले नहेरेर साहाराका लागि वृद्धाश्रममा आउने गरेको बताउँछन् । सन्तान विदेशमा भएर रेखदेख गर्ने मानिसको अभावमा धेरै वृद्धवृद्धाले दुःख पाइरहेको कौडाल बताउँछन् । उनले भने, "विदेशमा सन्तान भएकाका बाबुआमा धेरै अहिले पनि वृद्धाश्रममा बस्न बाध्य छन् ।"

ज्येष्ठ नागरिक संघका प्रमुख सल्लाहकार बद्री तिमिल्सिना ज्येष्ठ नागरिकलाई राज्यले हेर्नुपर्ने बताउँछन् । उनीहरुको सम्पत्ति राज्यको बनाएर वृद्धावस्थामा रेखदेख सरकारकोतर्फबाट गर्नुपर्ने उनको राय छ । विदेशमा मात्रै होइन, स्वदेशमै रहेका कैयौँले आफ्ना वृद्ध बाबुआमालाई नहेरेर दुःख पाइरहेको तिमिल्सिना बताउँछन् । उनले भने, "सन्तान जन्माएर हुर्काएर पढाएर बुढेसकालमा बेसहारा बन्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ ।" स्वदेश वा विदेश जहाँ भए पनि आफ्ना बाबुआमाको रेखदेख सन्तानले नगर्नु दुःखद् रहेको उनको भनाइ छ ।

त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक डा. टीकाराम गौतम अहिले नेपालको सामाजिक संरचना संक्रमणकालीन भएको बताउँछन् । उनले भने, "हामी एउटा सामाजिक संरचनाबाट अर्को सामाजिक संरचनामा परिवर्तन हुँदैछौँ । यस्तो अवस्थामा वृद्धवृद्धाले अनपेक्षित समस्या भोग्नुपर्छ ।"

अहिले वृद्धाको अपेक्षा एउटा हुने र नयाँ पुस्ताको चाहना अर्को हुने हुँदा वृद्धवृद्धाको चाहना पूरा हुन नसक्ने जनाउँदै उनले भने, "नयाँ पुस्ताले वृद्धाको चाहना पूरा गर्न सक्दैनन् । त्यसले वृद्धामा मनोवैज्ञानिक, सामाजिक र आर्थिक समस्या भोग्नुपर्छ ।" वृद्धवृद्धा नेपालको पुरातन शैलीअनुसार अपेक्षा गर्ने बताउँदै उनले नयाँ पुस्ताले विश्वव्यापी पारिवारिक मान्यताअनुसार चल्न चाहँदा समस्या भएको बताए ।

समाजमा राम्रो छवि बनाएका सम्पन्न र शिक्षित परिवारमै यो समस्या बढी देखिने गरेको छ । शरीरले सकुञ्जेल र बिरामी नहुँजेल वृद्धाले कसैसँग गुनासो गरेको पाइँदैन । उनीहरु यो समस्या खुलेर राख्न पनि चाहँदैनन् । वास्तविक पीडा लुकाइरहेका हुन्छन् । साहाराको खोजी गर्नुपर्ने अवस्था सिर्जना हुन्छ तब मात्रै उनीहरुको वास्तविकता बाहिर आउने गर्दछ ।

# पर्यटन व्यवसायी संगठन नेपालको अध्यक्षमा थापा

काठमाडौँ (रासस)/पर्यटन व्यवसायी संगठन नेपालको अध्यक्षमा अञ्जन थापा (कुमार) चयन भएका छन् । संगठनको बिहीबार साँझ सम्पन्न प्रथम भेलाले थापाको अध्यक्षतामा ७५ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का नेता मुकुन्द न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले उपाध्यक्षमा वीरेन्द्र अधिकारी, दामोदर ढकाल, गणेश रिमाल, अर्जुनलाल प्रधान, हरिभक्त श्रेष्ठ, धनबहादुर गुरुङ, तेञ्जिङ शेर्पा र रामकृष्ण तिमल्सिना चयन भएका छन् । महासचिवमा बद्रीप्रसाद तिमल्सिना चयन भएका छन् ।

यस्तै, उपमहासचिवमा नवराज गौली र केशव धिताल, सचिवमा सुमन न्यौपाने, प्रदीप पण्डित, विष्णु बराकोटी, अच्युत गुरुङ, तिलक लोहनी र उत्तम कार्की चयन भएका छन् । कोषाध्यक्षमा नवराज थापा र सहकोषाध्यक्षमा सुनिल सिलवाल निर्वाचित भएको हो ।

नेकपा (एकीकृत समाजवादी) निकट पर्यटन व्यवसायीको छाता संगठनका रुपमा रहेको सो संगठनको भेलाले ५५ सदस्यसमेत चयन गरेको छ ।

कार्यक्रममा नेता न्यौपानेले कोरोना महामारीका कारण तहसनहस भएको पर्यटनलाई पुनःउत्थान गर्नका लागि नयाँ गठन भएको संगठनले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

पर्यटन क्षेत्रको विकासले देशको विकासमा टेवा पुऱ्याउने उनको भनाइ थियो ।

नवनियुक्त अध्यक्ष थापाले पर्यटन क्षेत्रलाई पुनःउत्थान गर्नका लागि व्यवसायी संगसंगै सरकारको पनि महत्वपूर्ण भूमिका रहेको बताए ।

# बाबामाथि खुकुरी हान्ने पक्राउ



काठमाडौँ (रासस)/ काठमाडौँस्थित पशुपतिमा बाबामाथि खुकुरी प्रहार गरी फरार रहेको एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौँ महानगरपालिका-८ स्थित पशुपतिको विश्वरुपा जाने बाटो छेउमा सन्तोष भन्ने बाबालाई खुकुरी प्रहार गरी फरार रहेका व्यक्तिलाई चितवनको जगतपुर घर भएका ३७ वर्षीय ताराबहादुर लामिछानेलाई पक्राउ गरिएको हो । उनलाई काठमाडौँको बूढानीलकण्ठ स्थित हेपाली हाइटबाट पक्राउ गरिएको हो । उनका साथबाट घटनामा प्रयोग भएको खुकुरी र झोला बरामद भएको महानगरीय प्रहरी परिसरका प्रवक्ता प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले जानकारी दिए ।

## कागजपत्र हराएको सूचना

निम्न व्होराको मेरो ब्लुबुक, रुटपरमिट, जाँचपास मिति २०७८ असोज ३ गते हेटौंडा-८ कमानेबाट क्याम्पाडाँडा जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गरिन्छ ।

**सवारी धनी :** सुरेन्द्र बहादुर क्षेत्री
**सवारी नं. :** ना २ ह २५८०
**ठेगाना :** हेटौंडा-८, कमाने
**सम्पर्क :** ९८२३००१८४७

# जनहितका योजना अघि बढाउनुस् : राष्ट्रपति भण्डारी



काठमाडौँ (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकको चाहनाअनुरुप उपलब्ध साधनस्रोतको पहिचान एवं परिचालनको सामार्थ्य आंकलन गरी जनप्रतिनिधिमूलक संस्थालाई जनहितका योजना अघि बढाउन सुझाव दिएका छन् ।

जिल्ला समन्वय समिति महासंघ नेपालको तेस्रो राष्ट्रिय परिषद्को शुक्रबार उद्घाटन गर्दै उनले मुलुकको सर्वाङ्गीण रुपान्तरणका लागि भौतिकसँगै मानवीय विकासलाई पनि प्राथमिकतामा राखेर काम गर्न सल्लाह दिए ।

राष्ट्रपति भण्डारीले भने, "जनप्रतिनिधिमूलक संस्थाले शिक्षा, सचेतना, सामाजिक जागरण अभिवृद्धि गर्दै समतामूलक समाज निर्माणमा योगदान पुऱ्याउनुपर्छ ।" विगत दुई वर्षदेखि समग्र विश्वलाई आक्रान्त बनाएको कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचारमा स्थानीय तहले खेलेको भूमिकाको प्रशंसा गर्दै उनले भने, "संक्रमण अन्त्य भई नसकेको अवस्थामा जनताका गतिविधिलाई सहज तुल्याउन जनप्रतिनिधिलाई अपिल र आह्वान गर्छु ।"

आयोजक संस्था महासंघका अध्यक्ष सीता सुन्दासले आफ्नो नेतृत्वमा महासंघले जनहितका लागि गरेको विविध प्रयासबारे जानकारी दिए । उपाध्यक्ष सन्तबहादुर तामाङले तीन तहका सरकारबीचका विकास निर्माण र सेवा प्रवाहलगायतका कामको अनुगमन, समन्वय र सहजीकरणको जिम्मेवारीमा सबै तहले आफूलाई स्थापित गर्ने प्रतिस्पर्धामा अग्रसर हुँदा महासंघलाई ओझेलमा पारेको भनी गुनासो गरे । उनले जिल्ला समन्वय समितिलाई जिल्लामा सञ्चालन भएका सबैखाले योजनाको अनुगमन गर्ने एजेन्सीका रुपमा स्थापित गर्न आवश्यक रहेको तर्क प्रस्तुत गरे ।

नेपाल नगरपालिका संघका अध्यक्ष अशोक व्यन्जूले संघ र प्रदेश सरकारको तुलनामा जनताका हितका खातिर स्थानीय तहले न्यायनिरुपण, बजेट तर्जुमा, विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारी भूमिका खेलिरहेको बताए । गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष होमनारायण श्रेष्ठले महासंघको जगका रुपमा रहेका स्थानीय तहले जनहितमा काम गर्ने सिलसिलामा कार्यक्षेत्रभित्र नपरेका र कानूनमा उल्लेख नभएका विषयमा पनि उत्कृष्ट कार्यसम्पादन गर्न सफल भएको उदाहरण प्रस्तुत गरे ।

राष्ट्रिय परिषद्मा मुलुकका ७७ जिल्ला समन्वय समिति महासंघका प्रमुख, उपप्रमुखसहितको सहभागिता छ । महासंघले चार वर्षमा संस्थाको आवश्यकता र प्रभावकारिताको सुझाइ स्थापित गर्न सफल भएको सो अवसरमा जानकारी दिइयो ।

कार्यक्रममा राष्ट्रपति भण्डारीले प्रत्येक जिल्लाका उत्कृष्ट पाँच कामसहित पदाधिकारीका परिचय समेटिएको महासंघद्वारा प्रकाशित पुस्तकको लोकर्पण गरे ।

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

## हार्दिक समवेदना

जन्म: २०३६/८/१५



स्वर्गारोहण: २०७८/०६/०४

यस संस्थाको लेखा समितिका सदस्य श्री कृष्ण कार्की को श्रीमती **ज्योती लक्ष्मी कार्कीको** स्वर्गारोहण प्रति हामी अत्यन्तै मर्माहत भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**बालकृष्ण कार्की** (अध्यक्ष) **ज्ञानेन्द्र कार्की** (सचिव)

एवम्

**ससक्त बचत तथा ऋण सहकारी संस्था लि. परिवार**



बागमती प्रदेशस्तरीय रग्वी खेलका लागि छनौट भएका मकवानपुरका २४ जना खेलाडी । छनौटमा परेका खेलाडीलाई हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख हरिबहादुर महतले विदाई गरेका छन् । काठमाडौंमा आज शनिवारदेखि हुने प्रदेश स्तरीय रग्वी खेलमा राम्रो प्रदर्शन गर्दै जितका लागि नगर प्रमुख महतले खेलाडीहरुलाई शुभकामना दिएका छन् ।

# मकवानपुरमा भेटियो दुर्लभ 'भोटेलहरा'

टिष्टुङ (रासस)/ संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापार महासन्धि (साइटिस महासन्धि)को अनुसूची-३ मा सूचिकृत दुर्लभ वनस्पति 'भोटेलहरा' मकवानपुरमा भेटिएको छ ।



वानस्पतिक अन्वेषण तथा सर्वेक्षणबाट नेपालको तनहुँ, संखुवासभा र मकवानपुरमा मात्र पाइने भनिए पनि पछिल्लो समय मकवानपुरमा भोटेलहरा लोप भइसकेको अनुमान गरिएको थियो । पछिल्लोपटक मकवानपुरस्थित वनस्पति अनुसन्धान केन्द्रमा सरुवा भइ आएका वरिष्ठ वैज्ञानिक अधिकृत रघुराम पराजुलीले खोजका क्रममा भोटेलहरा फेला पारेका हुन् । यो ताजा खोजले नेपालको प्रकृतिमा दुर्लभ भोटेलहरा छ भन्ने पुनःयकीन भएको छ ।

खोजका क्रममा मकवानपुरको बकैया गाउँपालिकास्थित ठिंगन क्षेत्रमा दुर्लभ भोटेलहरा फेला परेको वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीले जानकारी दिए । 'खोजका क्रममा हालसम्म मकवानपुरमा आठ भोटेलहराका बिरुवा फेला परेका छन्, खोजी कार्य अझै जारी छ', उनले भने । वनस्पति विभागबाट सरुवा भएर आउनेबित्तिकै पराजुलीले संकटापन्न वनस्पतिका रुपमा रहेको भोटेलहराको खोजी गर्नुपर्छ भन्ने सोच राखेका थिए ।

'वानस्पतिक अन्वेषण तथा सर्वेषणबाट नेपालको तनहुँ, संखुवासभा र मकवानपुरमा मात्र पाइने थाहा लागेको थियो, तर मकवानपुरमा बृन्दाबन क्षेत्रमा पाइने भनिएको भोटेलहरा सो क्षेत्रमा नभेटिए पछि थप खोजी गर्न थालेको थिएँ', उनले भने । भोटेलहराको खोजीमा पराजुलीको साथमा वनस्पति अनुसन्धान कार्यालयका कर्मचारीसमेत लागि परेका थिए । मकवानपुरको मनहरी, लोथर, फापरवारी, गढी, भैंसे, चुरियामाई, भीमफेदीलगायतका क्षेत्रमा खोजी गर्दा पनि नभेटिएपछि मकवानपुरबाटै लोप भएको होकि भन्ने शंका उब्जिरहेका बेला यात्राको क्रममा ठिंगनमा भोटेलहराको बोट भेटिएको पराजुलीले बताए ।

'कान्तिलोकपथहुँदै काठमाडौं जाँदै थिएँ, बकैया-११ को सिमात खोलाको पुल नजिक गाडी रोकेर २०० मिटरजति भित्र खोजी गर्दा भोटेलहराको बोट भेटियो', उनले खुशी हुँदै भने । भोटेलहराको बोट भेटिएपछि त्यसको सानो हाँगा लिएर राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाका लागि लगेको र सो क्रममा वनस्पति विभागका महानिर्देशकलाई समेत देखाएको उनले सुनाए ।

पराजुली काठमाडौंबाट फर्किएपछि सोही क्षेत्रमा गएर खोजी गर्दा अरु थप सात बोट फेला परेका हुन् । पराजुलीलाई भोटेलहरा खोज्न बकैया-११ का वडाध्यक्ष गोपाल बहादुर नेसुर, सिउले सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष इन्द्रबहादुर स्याङ्तान र स्थानीय बासिन्दाले सहयोग गरेका थिए । भेटिएका भोटेलहराका बोटलाई अहिले तार बारसहित संरक्षण गर्नाका साथै सो स्थानमा सूचनामूलक बोर्डसमेत राखिएको वडाध्यक्ष नेसुरले बताए ।

भोटेलहरा खोज्ने क्रममा अनुसन्धानकर्ता पराजुलीले भोटेलहराको बोट फेला पार्ने व्यक्तिलाई एक हजार प्रोत्साहनस्वरुप उपलब्ध गराउने घोषणासमेत गररेका थिए । सो घोषणापछि स्थानीयवासीले थप पाँच भोटेलहराका बोट फेला पारेपछि मकवानपुरमा भेटिएका भोटे- लहराको संख्या आठ पुगेको वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीले जानकारी दिए । फेला परेका आठमध्ये फलसहितका भोटेलहरासमेत छन् ।

**के हो भोटेलहरा ?**

वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीका अनुसार भोटेलहरा संकटापन्न सूचीमा रहेको वनस्पति हो । नेपालमा यसको प्राकृतिक उपलब्धताको सुनिश्चित गर्नुमै यसको महत्व रहेको छ । वनस्पति विज्ञानमा निटासी परिवामा पर्ने निटम जातिको वनस्पतिका विश्वभर करिब ४० प्रजाति रहेको अध्ययनले देखाएका छन् ।

सोमध्ये नेपालमा पाइने प्रजाति निटुमोन्टलम हो । यसको स्थानीय नाम भाटेलहरा हो । संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापार महासन्धि (साइटिस महासन्धि), २०७३ को पक्षराष्ट्र भएका कारण यसको कार्यान्वयनको लागि नेपालले संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने ऐन २०७३ र नियमावली २०७६ ल्याएको छ । साइटिस महासन्धिमा रहेका तीन अनुसूचीमध्ये भोटेलहरा अनुसूची ३ मा पर्दछ ।

भोटेलहरा ढिलो बढ्ने सदावहार वनस्पति हो । यो एक लहरा खालको वनस्पति हो । भाले र पोथी बिरुवा अलगअलग हुने भएका कारण यिनीहरूमा परागसेचन हुन नसकेर पनि यो प्रजातिका नयाँ बिरुवा विस्तार नभएको पराजुलीले बताए । यसको फल दम खोकीमा उपयोगी हुने अध्ययनले देखाएका छन् ।

**नेपालमा भोटेलहराको अध्ययन**

वनस्पति अनुसन्धान केन्द्रका प्रमख वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीका अनुसार राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाको अभिलेखअनुसार सन्१९६५ मा सबैभन्दा पहिले एमएल बेनर्जी नेतृत्वको समूहले पूर्वी नेपालको सिदुवा क्षेत्र आसपासबाट भोटेलहरा संकलन गरेको थियो ।

यसैगरी सन् १९६६ मा मकवानपुर वृन्दावन वनस्पति केन्द्र क्षेत्रबाट संकलन गरिएको थियो । त्यसयता रतुवाखोला, चुलाचुली, चितवन, संखुवासभाका विभिन्न स्थान र तनहुँबाट हर्वेरियम संकलन भएको पाइएको छ । संखुवासभाको नुम क्षेत्र, तनहुँको ढोरफिर्दी र ढोरबाराही मन्दिर क्षेत्रबाट संकलन गरिएको अभिलेख छ ।

# हेटौंडामा टिभीएस एक्सचेन्ज सुरु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा नयाँ व्यवस्थापनमा टिभीएस कम्पनीको मोटरसाइक स्वरुपम सुरुवात भएपछि शुत्रबारदेखि टिभीएस मोटर साइकलको स्मार्ट एक्सचेन्ज सुरु भएको छ ।





हेटौंडा-४ मेनरोडमा टिभीएस मोटरसाइकलको एक्सचेन्ज धमाधम भइरहेको हो । एक्सचेन्ज सेवा १९ असोजमा चल्ने हेटौंडा अटो मार्ट प्रालिका सञ्चालक प्रवेश बरुवालले जानकारी दिए । एक्सचेन्ज सेवामा जुनसुकै कम्पनीको पुरानो मोटरसाइकल वा स्कुटर साटेर नयाँ टिभीएस कम्पनीको मोटर साइकल चढ्न पाइने छ ।

पुरानो मोटरसाइकल ल्याउँदा बजार मुल्य भन्दा कम्पनीले थप १० हजार रुपैयाँ बढाएर दिने, नयाँ मोटरसाइकल अर्डर गर्दै १ लाखसम्म र मोटरसाइकल खरिद गरेपछि १० लाखसम्म छुटको बम्पर अफर रहेको सञ्चालक बरुवालले बताए ।

नयाँ मोटरसाइकल खरिद गर्दा शुन्य प्रतिशत ब्याजदरमा पाइने सञ्चालक बरुवालले भने । यसैगरी कम्पनीले जुनसुकै ब्राण्डको मोटरसाइकल तथा स्कुटर एक्सचेन्ज गरेर टिभीएसको साधन खरिद गर्दा ५ हजार ९ सय ९९ रुपैयाँ मासिक किस्ता मात्रै पर्ने जनाएको छ । मोटरसाइकल एक्सचेन्ज गर्दा हेल्मेट, मेटरसाइकल कभर र रेनकोट निःशुल्क पाइने सञ्चालक बरुवालले जानकारी दिए ।

टिभीएस कम्पनीले दशैं अफर पनि ल्याएको छ । दशै अफरमा मोटरसाइकल खरिद १० लाखसम्म छुट अफर, मोटरसाइकल खरिदका लागि बुक गर्दापनि १ लाख रुपैयाँसम्म छुट, दैनिक रियलमी सी २० मोबाइल, हप्तामा सतप्रतिशत क्यासब्याक, महिनामा अपाची ३ सय १० सीसीको आरआर मोटरसाइकल र बम्पर उपहारमा प्रोटोन सागा कार रहेको सञ्चालक बरुवालले बताएका छन् । विजेताको घोषणा लक्की ड्रमार्फत हिमालय टेलिभिजनमा हरेक शुक्रबार बेलुकी हुने जनाइएको छ ।

# नेता मोक्तानद्वारा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एमालेका युवा नेता सुनिल मोक्तानले स्थानीय टोल विकास संस्थालाई खेलकुद सामग्री सहयोग गरेका छन् ।

टोल विकासमार्फत युवा खेलाडीहरुलाई हेटौंडा उपमहानगर पलिकार-१५ का नेकपा एमाले जिल्ला सचिवालय सदस्य मोक्तानले खेलकुद सामग्री सहयोग गरेका हुन् । उनले खुसी टोल विकास संस्था र हाम्रो समृद्धि टोल विकास संस्थाका युवा खेलाडीहरुलाई खेलकुद सामग्री सहयोग गरेका छन् ।

मोक्तानले युवाहरुको स्वास्थ्य तथा खेलकुद क्षेत्रको विकासमा सहयोग गरेको उल्लेख गरे । उनले यसअघि पनि स्थानीय टोल विकास संस्थालाई खेलकुद सामग्री सहयोग गर्दै आइरहेका थिए ।

हेटौंडा अस्पतलका पुर्वअध्यक्ष मोक्तानले आगामी दिनमा पनि स्थानीय युवा र खेल क्षेत्रको विकासका लागि यस्तै किसिमका सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

# चार युट्युबर पक्राउ

काठमाडौं/प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोको टिमले युट्युब च्यानलमार्फत महिलाहरुको चरित्र हत्या हुनेगरी भिडिओ बनाइ प्रशारण गर्ने चार जनालाई युटुबर लाई पक्राउ गरेको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बुधबार एक विज्ञप्ती जारी गर्दै दाङ घर भइ काठमाडौंको गोकर्णेश्वर बस्ने २१ बर्से प्रदीप भण्डारी, नुवाकोट घर भइ काठमाडौं नेपालटार बस्ने २७ वर्षका शिशिर अधिकारी, मोरङ घर भई पेप्सीकोला बस्ने ३५ वर्षकी पिंकला कार्की र दोलखा घर भइ गोकर्णेश्वर बस्ने २४ वर्षका रोधन तामाङ पक्राउ गरेको उल्लेख गरेको छ ।

# प्रहरी उपकेन्द्रमा नागरिक सुनुवाइ

साझाकुरा संवाददाता

हेटौंडा/वडा प्रहरी कार्यालय हेटौंडा सानोपोखराले नागरिक सुनुवाई कार्यक्रमको आयोजना गरेको छ ।

वडा प्रहरील बिहिबार सामुदायिक प्रहरी उपकेन्द्र हेटौंडा-१० बसपार्कमा नागरिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रम सामुदायिक प्रहरी सेवा उपकेन्द्र हेटौंडा-१० बसपार्कका अध्यक्ष प्रदिप कँडेलको सभाध्यक्षता तथा मकवानपुर प्रहरी प्रमुख प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरको प्रमुख आतिथ्यतामा भएको हो ।



कार्यक्रममा वडा प्रहरी प्रमुख प्रहरी निरीक्षक कृष्ण प्रसाद बिष्टले वडा प्रहरी कार्यालयले हालसम्म गरेको कार्य विवरण प्रस्तुत गरेका थिए ।

त्यस्तै, मकवानपुर प्रहरी प्रमुख एसपी राठौरले चाडवार्ड लक्षित सार्वजनिक तथा बसपार्कमा नागरिक सहायता कक्ष स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा हेटौंडा-२ का वडा सदस्य महेश्वरमान श्रेष्ठ, हेटौंडा-१० का वडा सदस्य साधना श्रेष्ठ, हेटौंडा-४ का वडा सदस्य राजेन्द्र कुमार वस्ताकोटी, आदर्श टोल विकास संस्थाका अध्यक्ष शान्ता गजुरेल, अधिकारकर्मी शर्मिला श्रेष्ठ मन्तव्य व्यक्त गरेका थिए ।

चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

हाम्रो हार्डवेयर एण्ड सप्लायर्स
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३

कोरोना भाइरस (COVID-19) बाट
आफू पनि बचौं, अरुलाई पनि बचाऔं





- नियमित रुपमा साबुन पानीले हात धुने ।
- घर तथा बाहिर जाँदा नियमित मास्कको प्रयोग गर्ने ।
- खोक्दा र हाच्छ्यू गर्दा नाक र मुख छोप्ने ।
- यदि फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, अण्डा राम्रोसँग पाकेको मात्र खाने ।

कैलाश गाउँपालिका
कालिकाटार, मकवानपुर






गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४





बकैया गाउँपालिका
हात्तिसुँडे, मकवानपुर

सहज यात्राका लागि गाडी भाडामा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४५३८९११६





बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल